त्रिभुवन विश्वविद्यालय

# शिक्षण अस्पताल, महाराजगञ्ज

## (कर्मचारी प्रशासन शाखा)

## पदपूर्ति सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०२।२७)**

यस अस्पतालका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वयन समितिको स्वीकृत अस्थायी दरबन्दीमा तपसिल बमोजिमका पदहरू करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित विषयमा आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८२ साल असार १० गते कार्यालय समय ५ बजेभित्र त्रि.वि. शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं. ००२००५५३६५००१८ मा परीक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुने छैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| सि.नं. | पद | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | कानुनी सल्लाहकार (शाखा अधिकृत वा सो सरह) | कानुन विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल वार एसोसिएसनको लाइसेन्स प्राप्त गरेको | १ (एक) |
| २ | प्राविधिक अधिकृत (क्लिनिकल इम्ब्रायोलोजिस्ट) | एम.एस्सी.इन मेडिकल क्लिनिकल इम्ब्रायोलोजी गरी एनएचपीसीमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | १ (एक) |
| ३ | क्लिनिकल एडमिनिस्ट्रेटर (शाखा अधिकृत वा सो सरह) | एम.बी.बी.एस.उत्तीर्ण गरी एम.एच.सी.एम. वा मास्टर अफ हेल्थ एडमिनिस्ट्रेसन वा एम.डी.इन हस्पिटल एडमिनिस्ट्रेसन उत्तीर्ण गरेको | १ (एक) |
| ४ | प्राविधिक अधिकृत (फुड एन्ड न्युट्रिसन) | एम.एस्सी.इन मेडिकल न्युट्रिसन थेरापी | १ (एक) |
| ५ | प्राविधिक अधिकृत (बायोमेडिकल) | बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | १ (एक) |
| ६ | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ विषय लिई १०+२ वा सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण | २ (दुई) |
| ७ | मुख्य प्राविधिक सहायक (फार्मेसी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | ५ (पाँच) |
| ८ | मुख्य प्राविधिक सहायक (प्याथोलोजी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |
| ९ | मुख्य प्राविधिक सहायक (रेडियोग्राफी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |
| १० | मुख्य प्राविधिक सहायक (डेन्टल हाइजेनिस्ट) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |

**आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरू:**

१. एस.एल.सी. लगायत सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
३. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र/लाइसेन्सको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाण पत्रको प्रतिलिपि।
५. **आवेदन दस्तुर** : अधिकृत स्तर सि.नं.१ देखि ५ सम्म रु.२,५००।- (दुई हजार पाँच सय) र सि.नं.६ देखि ९ सम्मका लागि रु.२,०००। (दुई हजार)।
६. **उमेरको हद** : अधिकृत स्तरका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र मुख्य प्राविधिक सहायक स्तरका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको साथै महिलाको हकमा ४५ वर्ष ननाघेको।
७. पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क मिति : २०८२।०३।१५ गते।**
**परीक्षाको किसिम : लिखित।**
**परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।**

**अस्पताल प्रशासन**

त्रिभुवन विश्वविद्यालय

# शिक्षण अस्पताल, महाराजगञ्ज

## (कर्मचारी प्रशासन शाखा)

## पदपूर्ति सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०२।२७)**

यस अस्पतालका लागि चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वियन समितिको स्वीकृत अस्थायी दरबन्दीमा **क्लिनिकल रजिस्ट्रार** पद करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका २१ वर्ष पूरा भई ४५ वर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८२ साल असार २ गते कार्यालय समय ५ बजेभित्र त्रि.वि.शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं.००२००५५३६५००१८ मा परीक्षा दस्तुर बापत रु.२,५००।- (दुई हजार पाँच सय) जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुनेछैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | विभाग | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | हाडजोर्नी | एम.एस.वा सो सरह उत्तीर्ण गरी कम्तीमा १ वर्षको स्पाइन फेलोसिप गरेको | २ (दुई) |
| २ | युरोलोजी | जनरल सर्जरी विषयमा एम.एस. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ३ | एनेस्थेसियोलोजी | एनेस्थेसियोलोजी विषयमा एम.डी. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ४ | क्रिटिकल केयर मेडिसिन | एनेस्थेसियोलोजी विषयमा एम.डी. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ५ | रेडयोलोजी | रेडियोलोजी विषयमा एम.डी.गरी इन्टरभेन्सनल रेडियोलोजीमा १ वर्ष फेलोसिप गरेको | १ (एक) |

**आवेदन फारामसँग संलग्न हुनु पर्ने कागजातहरू :**

१. एस.एल.सी.लगायत सोभन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्रहरूको प्रतिलिपि।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

३. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको रजिस्ट्रेसनको प्रतिलिपि।

४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि।

५. पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क मिति : २०८२।०३।०८ गते।**

**परीक्षाको किसिम : लिखित।**

**परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।**

**अस्पताल प्रशासन**